# ख्रीष्टियान को हो?

जे.सी चोएट्स

संसारभरि ठूलो संख्यामा मानिसहरु ख्रीष्टियान भएको दाबी गर्दछन् । त्यहाँ त्यस्तो व्यक्तिको धेरै परिभाषाहरु छन्, तर विचार गरौं: ख्रीष्टियान को हो? एकजना व्यक्ति कसरी ख्रीष्टियान हुन सक्छ? कुन कुराले ख्रीष्टियान बनाउँछ? के धर्मशास्त्रले आफूलाई ख्रीष्टियान हो भनी सोच्ने हरेक व्यक्ति वास्तवमा ख्रीष्टियान हो भनी सहमत हुनेछन्?

सबैभन्दा पहिला, ख्रीष्टियान को होइन भनी हेरौं ।

- विश्वासीहरुको परिवारमा कोही शारीरिक रुपमा जन्मेको थियो भन्दैमा ऊ ख्रीष्टियान हुँदैन् । त्यहाँ कुनै ख्रीष्टियान बच्चाहरु छैनन् ।
- उसले परमेश्वरमा विश्वास गर्छ र ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्दैमा कोही सामान्तया ख्रीष्टियान हुँदैनन् ।
- कसैले ख्रीष्टलाई परमेश्वरको पुत्रको रुपमा स्वीकार गर्न इच्छुक हुँदैमा वा "ख्रीष्टको खातिर परमेश्वरले उहाँका पापहरु क्षमा गर्नुभएको छ" भनी "स्वीकार" गर्दैमा कोही व्यक्ति ख्रीष्टियान हुँदैन् ।
- ऊ कुनै मण्डलीमा "सामेल" भएको छ वा उसलाई छर्किएको वा खन्याइएको वा डुबाइएको छ भन्दैमा कोही ख्रीष्टियान हुँदैन् ।
- कसैले नैतिक जीवन बिताउँदैमा र ख्रीष्टमा विश्वास गर्नेहरुसँग आराधना गर्छन् भन्दैमा कोही ख्रीष्टियान हुँदैन् । होइन्, सूचीबद्ध हुन सक्ने अन्य चीजहरुको कारणले गर्दा कोही ख्रीष्टियान हुँदैन् । त्यसो भए, ख्रीष्टियान को हो? एकछिन विचार गर्नुहोस् ।

- ख्रीष्टियान हुनको लागि सही गलत थाहा पाउने उत्तर दायी मानिस हुन पर्याप्त उमेरको हुनुपर्छ (रोमी १४:१२) । उसले परमेश्वरको वचन सुन्न, बुझ्न, परमेश्वरमा विश्वास गर्दै र येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्न सक्षम हुनुपर्दछ । पावल भन्दछ, "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी १०:१७) । हिब्रू लेखक भन्दछ, "विश्वास विना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ" (हिब्रू ११:६) । अन्तमा ख्रीष्टले भन्नुभयो, "तिमीहरु परमेश्वरमाथि विश्वास गर्दछौं, ममाथि पनि विश्वास गर" (यूहन्ना १४:१) ।
- ख्रीष्टियान हुनको लागि कसैले पश्चात्ताप गर्नुपर्छ, वा आफ्ना पापहरुबाट टाढा जानुपर्छ । पावल भन्दछ कि परमेश्वरले "...प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०) । ख्रीष्टले भन्नुभयो कि हामीले पश्चात्ताप गर्नुपर्छ नत्रभने हामी नष्ट हुनेछौं (लूका १३:३) ।
- ख्रीष्टियान हुनको लागि येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी मुखले स्वीकार गर्नुपर्छ । "किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" (रोमी १०:१०) । ख्रीष्टले भन्नुभयो, "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु" (मत्ती १०:३२) । हामीसँग इथियोपियाका मानिसको उदाहरण छ कि उसले आफ्नो सम्पूर्ण हृदयले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनेर विश्वास गऱ्यो (प्रेरित ८:३७) । त्यो स्वीकारको आधारमा, "..फिलिप र ती नपुसंक दुवै पानीमा ओर्ले, उनले तिनलाई बप्तिस्मा दिए" (प्रेरित ८:३८,३९) ।
- यसरी, यदि कोही ख्रीष्टियान हुने चाहना गर्छन् भने, उसले बप्तिस्मा लिनुपर्छ । ख्रीष्टले भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) । कसैले पश्त्ताताप गरी पाप क्षमाको निम्ति बप्तिस्मा लिनुपर्छ भनी पत्रुस भन्दछ (प्रेरित २:३८) । अनि पावलले यसमा थप्दै व्याख्या गर्दछ, "के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएको थियौं? यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं" (रोमी ६:३,४) ।
- ख्रीष्टियान हुनको लागि सुसमाचारका यी आज्ञाहरु मात्र पालन गरेर मुक्ति पाउने होइनन्, तर त्यसबेला उसलाई विश्वस्त हुन्छ कि "...उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७) । यसको मतलब यो हो कि आज्ञाकारी विश्वासी

पानी र आत्माद्धारा जन्मिएर ऊ प्रभुको परिवारको सदस्य भएको छ (यूहन्ना ३:३,५; गलाती ३:२६,२७)।

- ख्रीष्टियान हुनको लागि उहाँको मण्डलीको सदस्यको रुपमा प्रभुको नाम धारण गर्नुपर्छ, "ख्रीष्टमा सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन्" (रोमी १६:१६); ख्रीष्टको व्यक्तिगत अनुयायीको रुपमा, उनलाई एउटा ख्रीष्टियान भनिन्छ । "तर कसैले ख्रीष्टियान भएको कारण दु:ख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा दिओस्" (१ पत्रुस ४:१६)। "यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्धारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ" (एफिसी ३:१४,१५) । "अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)।
- ख्रीष्टियान हुनको लागि प्रत्येक हप्ताको पहिलो दिन आत्मा र सत्यतामा परमेश्वरको आराधना गर्नुपर्छ (यूहन्ना ४:२४; प्रेरित २०:७); र उसले विश्वासयोग्य ख्रीष्टियान जीवन जिउनुपर्छ (प्रकाश २:१०)। ख्रीष्टियान हुनु भनेको ख्रीष्टजस्तै हुन सिक्नु हो, "...यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु ईश्वरीय स्वभावका सहभागी होओ" (२ पत्रुस १:४)।
- ख्रीष्टियान वृद्धिको सबैभन्दा महत्वपूर्ण बिन्दुहरु मध्ये परमेश्वरमा फल फलाउनु पनि हो । येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, "दाखको बोट म हुँ, तिमीहरु चाहिँ हाँगाहरु हौं । यदि कोही ममा रहयो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ । जसरी पिताले मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरु लाई प्रेम गरेको छु । तिमीहरु मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरु पालन गऱ्यौ भने तिमीहरु मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरु पालन गरेको छु, र उहाँको प्रेममा रहन्छु" (यूहन्ना १५:५,९,१०)।
- ख्रीष्टियान हुनको लागि ख्रीष्टको प्रेम र करुणाको अभ्यास गर्नुपर्छ। "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरुलाई भन्नेछ, आओ, मेरा पिताका धन्यका हो । संसारका उत्पतिदेखि तिमीहरुका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । किनभने म भोकाएको थिएँ, तिमीहरुले मलाई खान दियौ । म तिर्खाएको थिएँ,, तिमीहरुले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरुले मलाई आश्रय दियौ । नाङ्गै थिएँ, तिमीहरुले मलाई वस्त्र लगाइदियौं । बिरामी थिएँ, तिमीहरु मलाई हेर्न आयौ । झ्यालखानमा थिएँ, तिमीहरु मकहाँ आयौं" (मत्ती २५ :३४-३६)।

यी तथ्यहरुको आधारमा, के तपाई ख्रीष्टियान हुनुहुन्छ- एउटा विशेष प्रकारको ख्रीष्टियान होइन, तर केवल ख्रीष्टियान हो? यदि होइन भने, हामी प्रार्थना गर्छौं कि तपाई परमेश्वरको वचनको शिक्षा अनुसार एउटा हुनुहुनेछ ।


**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।**

**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**

**मोबाइलः ९८४३०५२०९४**

Voice of truth international

votinepal@gmail.com


# ख्रीष्टियान को हो?

**जे.सी चोएट्स**

